# चंखेली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पिप्लाङ्ग, हुम्ला
### कर्णाली प्रदेश, नेपाल

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*सुचना प्रकाशित मिति : २०८०।०६।१८ गते*

चंखेलि गाउँपालिकामा देहाय बमोजिमका पदहरुमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा लिइ कामकाज गराउन आवश्यक भएकोले यो सुचना प्रकाशीत भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र तपसिलका कागजातहरु र राजश्व बुझाएको रसिद सहित संलग्न राखि योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | तह | माग संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१।०८०।०८१ | रोजगार संयोजक | पाँचौं | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह +2 वा सो सरह, रजिष्टर्ड संस्थाबाट ६ महिना कम्प्युटर तालिम प्राप्त प्रमाणपत्र । |
| २ | ०२।०८०।०८१ | प्राविधिक सहायक | पाँचौं | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Civil Engineering पास गरेको । |
| ३ | ०३।०८०।०८१ | अ.हे.व. | सहायक चौथो | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. पास गरेको, काउन्सिल दर्ता अनिवार्य । |
| ४ | ०४।०८०।०८१ | अ.न.मी. | सहायक चौथो | ३ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. पास गरेको, काउन्सिल दर्ता अनिवार्य । |
| ५ | ०५।०८०।०८१ | सिभिल इन्जिनियर (जनरल) | छैठौं | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक तह उतिर्ण भएको । |
| ६ | ०६।०८०।०८१ | Ophthalmic–Assistant | पाँचौं | १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Ophthalmic –Assistant वा सो सरह विषयमा उतिर्ण भएको । |
| ७ | ०७।०८०।०८१ | शिक्षक (अंग्रेजी) | मावि | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धीत विषयमा स्नातक तह उतिर्ण र लाइसेन्स अनिवार्य । |
| ८ | ८।०८०।०८१ | शिक्षक (गणित/विज्ञान) | मावि | १ जना | |
| ९ | ०९।०८०।०८१ | शिक्षक (अंग्रेजी) | निमावि | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धीत विषयमा +२ तह उतिर्ण र लाइसेन्स अनिवार्य । |
| १० | १०।०८०।०८१ | शिक्षक | प्राथमिक तह | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धीत विषयमा +२ उतिर्ण र लाइसेन्स अनिवार्य । |
| ११ | ११।०८०।०८१ | वालविकास सहजकर्ता | वालविकास | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ उतिर्ण । (कोर्का र निमागाउँ) |

**१. पदपुर्ति सम्बन्धी अन्य सर्तहरू :**

- **उम्मेदवारको उमेर हद :** इन्जिनियरको हकमा २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, रोजगार संयोजकको हकमा दरखास्त दिने अन्तिम मिति सम्म २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको, प्राविधिक सहायकको हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको, स्वास्थ्य सेवा तर्फको हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको, शिक्षक मावि तहका लागि २१ बर्ष पुरा ४० बर्ष ननाघेको, निम्न माध्यामिक तह, प्राथमिक तह र वालविकासका लागि १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- **दरखास्त दिने अन्तिम मिति :** सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र ।
- **आवेदन दस्तुर :** छैठौं तहका पदका लागि र मावि तहका लागि रु १५००।- (एक हजार पाँच सय), रोजगार संयोजक पाँचौ तह र Ophthalmic–Assistant 5th lavel पदका लागि रु १०००।- (एक हजार), निमावि तहका लागि रु ७००।- (सात सय), प्राथमिक तह र वालविकास सहजकर्ताको लागि साथै प्राविधिक सहायक पाँचौ तह र अ.हे.व, अ.न.मि चौथो तहका लागि रु ५००।- (पाँच सय) मात्र यस गाउँपालिकाको आन्तरिक राजश्व खाता नम्बर २७३०४०१००००००७ मा जम्मा गरेको भौचरको प्रतिलिपि ।
- **दरखास्त दिने स्थान :** चंखेली गाउँपालिकाको कार्यालय पिप्लाङ्ग, हुम्ला ।
- **सेवा सुविधा :** रोजगार संयोजक पदपुर्ति सम्बन्धि मापदण्ड २०७५ को दफा २२ बमोजिम हुनेछ । अन्यको हकमा यस गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
- इन्जिनियरको हकमा संघिय लोकसेवा आयोग र प्रदेश लोक सेवा आयोगका वैकल्पिक उम्मेदवारलाई पहिलो प्रथामिकता दिइने छ ।
- **छनौटको किसिम :** प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन र लिखित तथा प्रयोगात्मक परिक्षा र अन्तर्वार्ता ।

**२. आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरू :**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- रोजगार संयोजक र प्राविधिक सहायकको हकमा ६ महिनाको कम्प्युटर तालिमको प्रमाणपत्र अनिवार्य हुनुपर्नेछ ।
- अनुभव भए सोको कागजातहरु ।
- २ प्रति पासपोर्ट साइजको फोटो ।

**३. अन्य :**

- आवेदनको ढाँचा र रोजगार संयोजक पदको पाठ्यक्रम लगायत पदपुर्ति सम्बन्धि जानकारीका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइड : www.pmep.gov.np र यस गाउँपालिकाको वेवसाइडः www.chankhelimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

थप जानकारीका लागि सम्पर्क नम्बर : **९८६१२९४५१६, ९८४७२९७२९७, ९८४२९०७७२३**

*नोटः परिक्षाको मिति पछि प्रकाशन गरिने छ । साथै विज्ञापन नम्बर १ देखि ४ नम्बर सम्मका पदहरुको विज्ञापन पुनः प्रकाशन गरिएको छ ।*

**सिताराम राई**
**प्रमुख प्रशासकीय अधिकृत**